# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९ ) काठमाडौं, कात्तिक ११ गते २०४६ साल ( अतिरिक्ताङ्क ३७

## भाग २

### श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४६ सालको ऐन नं. १४

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जग्गा (नाप जाँच) ऐन, २०१९ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः जग्गा (नाप जाँच) ऐन, २०१९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "जग्गा (नाप जाँच) (छैठौं संशोधन) ऐन, २०४६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. जग्गा (नाप जाँच) एन, २०१९ को दफा २ मा संशोधनः जग्गा (नाप जाँच) ऐन, २०१९ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (क) पछि देहायका खण्ड (क१) र (क२) थपिएका छन्ः–

"(क१) "नाप जाँच" भन्नाले जग्गाको नाप जाँच वा पुनः नाप जाँच गरी जग्गावाला र मोहीसंग सम्बन्धित तथ्याङ्क सङ्कलन गर्ने र त्यसको आधारमा जग्गाको क्षेत्रफल एकीन गर्ने, किसिम वर्गीकरण गर्ने तथा नक्शा र क्षेत्रीय किताब तयार गर्ने काम सम्झनुपर्छ र सो शब्दले क्षेत्रीय किताबमा जग्गा दर्ता गर्ने गराउने काम समेतलाई जनाउनेछ ।

(क२) "दर्ता स्रेस्ता" भन्नाले जग्गा नाप जाँच भई तयार भएको नक्शा र क्षेत्रीय किताबको आधारमा जग्गावाला, मोही, जग्गाको कित्ता, क्षेत्रफल र किसिम समेत स्पष्ट देखिने गरी तयार गरिएको जग्गाधनी दर्ता स्रेस्ता सम्झनुपर्छ ।

३. मूल ऐनको दफा ३ मा संशोधनः मूल ऐनको दफा ३ को,–

(१) उपदफा (१) मा रहेका "क्षेत्रफल एकीन गर्न, किसिम छुट्याउन र दर्ता गर्न गराउन" भन्ने शब्दहरू झिकिएका छन् ।

(२) उपदफा (४) मा रहेका "सर्भे गोश्वाराले" भन्ने शब्दहरूको सट्टा "नापी गोश्वाराले" भन्ने शब्दहरू राखिएका छन् ।

४. मूल ऐनको दफा ६ मा संशोधनः मूल ऐनको दफा ६ को,–

(१) उपदफा (५) मा रहेका "गुठी अधिनस्थ जग्गा" भन्ने शब्दहरू झिकिएका छन् र सोही उपदफामा रहेका "शहरी क्षेत्रको" भन्ने शब्दहरूको सट्टा "नगर पञ्चायत क्षेत्रको" भन्ने शब्दहरू राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (६) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ ।

(३) उपदफा (६) पछि देहायको उपदफा (६क) थपिएको छः–

"(६क) उपदफा ६ बमोजिम दोस्रो पटक दिइएको म्यादभित्र पनि उपस्थित नहुने वा आफ्नो प्रतिनिधि पनि नपठाउने जग्गावालाको जग्गा सम्बन्धित पञ्चायतको प्रधान पञ्च, उपप्रधान पञ्च र सम्बन्धित वडाका अध्यक्षमध्ये कुनै एकजना र सम्बन्धित वडा सदस्यमध्ये दुईजना तथा मालपोत कार्यालयको अधिकृत प्रतिनिधि समेत राखी तोकिएको अधिकारीले मौजुदा दर्ता स्रेस्तामा उल्लेखित जग्गावालाको नाउँमा दर्ता गर्न सक्नेछ ।"

(४) उपदफा (८) पछि देहायको उपदफा (९) थपिएको छः–

"(९) यस ऐनबमोजिम पहिला नाप जाँच भई दर्ता स्रेस्ता तयार भई सकेको ठाउँमा पुनः नाप जाँच हुँदा मौजुदा दर्ता स्रेस्ता बमोजिमका जग्गामा दुई वा दुई भन्दा बढी व्यक्तिहरूको बीच तेरो मेरो सम्बन्धी प्रश्न उठेमा तोकिएको अधिकारीले मौजुदा दर्ता स्रेस्ता बमोजिम नै दर्ता गर्नु पर्नेछ र यस सम्बन्धमा उपदफा (७) को व्यवस्था लागू हुनेछैन ।"

५. मूल ऐनको दफा ७ मा संशोधनः मूल ऐनको दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छः–

"७. जग्गा घटबढ भएमाः (१) सरकारी वा सार्वजनिक जग्गासंग नजोडिएको जग्गा नाप जाँच हुँदा साविकको क्षेत्रफल भन्दा घटी वा बढी हुन आएमा सोही बमोजिमको जग्गाको क्षेत्रफल सम्बन्धित जग्गाधनीको नाउँमा कायम गरिनेछ ।

(२) सरकारी वा सार्वजनिक जग्गासंग जोडिएको जग्गा नाप जाँच हुँदा सम्बन्धित जग्गाधनीको जग्गा र सरकारी वा सार्वजनिक जग्गाको सिमाना छुट्टयाउन कुनै लिखत रहेछ भने सोही लिखतबमोजिम र त्यस्तो लिखत नभएकोमा सम्बन्धित पञ्चायतको प्रधान पञ्च, उपप्रधान पञ्च र सम्बन्धित वडाका अध्यक्षमध्ये कुनै एक जना र सम्बन्धित वडा सदस्यमध्ये दुई जना, जिल्ला कार्यालयको एक जना प्रतिनिधि र नजिकको संधियारहरू दुई जनाले सिफारिश गरेको सिमानालाई कायम गरी जग्गा नाप जाँच गरिनेछ र त्यस्तो नाप जाँचबाट कायम भएको जग्गाको क्षेत्रफल नै सम्बन्धित जग्गावालाको नाउँमा कायम गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) पुनः नाप जाँच भएको क्षेत्रमा साविक नाप जाँचबाट देखिएको सरकारी वा सार्वजनिक जग्गाको क्षेत्रफललाई कायमै राख्दा कुनै जग्गाको क्षेत्रफल घटी वा बढी देखिन आएमा सोही बमोजिमको जग्गाको क्षेत्रफल सम्बन्धित जग्गाधनीको नाउँमा कायम गरिनेछ ।

(४) नाप जाँचबाट कायम भएको क्षेत्रफल बमोजिमको दर्ता स्रेस्ता मालपोत कार्यालयमा दाखिल भएपछि सम्बन्धित जग्गाधनीले सोही दर्ता स्रेस्ता बमोजिम मालपोत वा तिरो बुझाउनु पर्नेछ ।"

६. मूल ऐनको दफा ८ मा संशोधनः मूल ऐनको दफा ८ को,–

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः–

"(१) नाप जाँचको काम र दर्ता स्रेस्ता तयार गर्ने काम समाप्त भएपछि तोकिएको अधिकारीले दर्ता स्रेस्ता बमोजिमको जग्गामा स्वामित्व रहेको प्रमाणको निमित्त जग्गाधनी दर्ता प्रमाण पूर्जा तयार गरी सम्बन्धित जग्गावाला वा निजको प्रतिनिधिलाई दिनु पर्नेछ ।"

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः–

"(१क) कुनै घरको जमिन तल्ला, माथिल्लो तल्ला वा एकै तल्लामा पृथक पृथक स्वामित्व भएमा त्यस्तो पृथक पृथक स्वामित्वमा रहेका तल्लाहरूको पृथक पृथक जग्गाधनी दर्ता प्रमाण पूर्जा तयार गरी सम्बन्धित जग्गावाला वा निजको प्रतिनिधिलाई दिनु पर्नेछ ।"

(३) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः–

"(४) सरकारी जग्गा वा सार्वजनिक जग्गाको दर्ता तोकिए बमोजिम हुनेछ ।"

७. मूल ऐनमा दफा ८क. थपः मूल ऐनको दफा ८ पछि देहायको दफा ८क. थपिएको छः–

"८क. दर्ता स्रेस्ता निष्क्रय हुनेः पुनः नाप जाँच भएको क्षेत्रमा त्यस्तो नाप जाँच बमोजिम दर्ता स्रेस्ता तयार भइसकेपछि साविक नापीबाट कायम रहेको दर्ता स्रेस्ता श्री ५ को सरकारले तोकिदिएको मितिदेखि निष्क्रय हुनेछ ।"

८. मूल ऐनको दफा १० मा संशोधनः मूल ऐनको दफा १० को उपदफा (२) मा रहेका "शहरी क्षेत्रको" भन्ने शब्दहरूको सट्टा "नगर पञ्चायत क्षेत्रको" भन्ने शब्दहरू राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४४४

९. मूल ऐनको दफा ११ मा संशोधनः मूल ऐनको दफा ११ को,–

(१) उपदफा (१) मा रहेको "निर्देशकले" भन्ने शब्दहरूको सट्टा "नापी विभागका महा-निर्देशकले" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपदफा (२) मा रहेका "स्रेस्ता तोकिए बमोजिमको ढाँचामा तयार गरिनेछ ।" भन्ने शब्दहरूको सट्टा स्रेस्ता तोकिए बमोजिम तयार गरी अद्यावधिक गरिनेछ ।" भन्ने शब्दहरू राखिएका छन् ।

१०. मूल ऐनको दफा ११क. मा संशोधनः मूल ऐनको दफा ११क. को सट्टा देहायको दफा ११क. राखिएको छः–

"११ क. नगर पञ्चायत क्षेत्रको घर जग्गाको दर्ता श्रेस्ता र जग्गाधनी दर्ता प्रमाण पूर्जाः दफा १० को उपदफा (२) बमोजिम नगर पञ्चायत क्षेत्रका जग्गाको नाप जाँच गर्दा तोकिएको अधिकारीले तोकिए बमोजिमको प्रक्रिया अपनाई दर्ता श्रेस्ता र जग्गाधनी दर्ता प्रमाण पूर्जा तयार गर्नेछ ।"

११. मूल ऐनको दफा ११ख. मा संशोधनः मूल ऐनको दफा ११ ख. को अन्त्यमा "यसरी गठन भएको समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ" भन्ने वाक्य थपिएको छ ।

१२. रूपान्तरः मूल ऐन र सो अन्तर्गत बनेको नियमावलीमा ठाउँ ठाउँमा प्रयोग भएका देहायका शब्दहरूको सट्टा देहाय बमोजिमका शब्दहरू राखी रूपान्तर गरिएको छः–

(१) "नापी वा जाँच" भन्ने शब्दहरूको सट्टा "नाप जाँच"

(२) "दर्ता पूर्जा" भन्ने शब्दहरूको सट्टा "जग्गाधनी दर्ता प्रमाण पूर्जा"

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

लालमोहर सदर मितिः– २०४६।७।११।६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४६ सालको ऐन नं. १५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### रेडियो ऐन, २०१४ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः रेडियो ऐन, २०१४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "रेडियो (पहिलो संशोधन) ऐन, २०४६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. रेडियो ऐन, २०१४ को दफा २ मा संशोधनः रेडियो ऐन, २०१४ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४४६

"(क) "रेडियो यन्त्र" भन्नाले लगातार तारको कनेक्शन बिना रेडियो तरङ्ग-द्वारा शब्द, चित्र वा संकेत प्राप्त गर्ने वा पठाउने कामको निमित्त प्रयोग गरिने देहायका यन्त्रहरू सम्झनुपर्छः–

(१) डिश एण्टेना लगायत सबै प्रकारका सेटेलाइट रिसिभिङ सिष्टमहरू,

(२) रेडियो स्पेक्ट्रम अन्तर्गत पर्ने ३० किलोहर्जदेखि ३००० गिगा-हर्ज फ्रिक्वेन्सीसम्मका देहायकाः–

(क) एल. एफ., एम. एफ,. एच. एफ., भी. एच. एफ., यू. एच. एफ., एस. एच. एफ., इ. एच. एफ. ट्रान्समिटर एवं सञ्चार साधनहरू,

(ख) रेडियो ट्रान्समिटर,

(ग) टेलिभिजन ट्रान्समिटर,

(घ) वायरलेस ट्रान्समिटर,

(ङ) वाकिटकि,

(च) कर्डलेस टेलिफोन,

(छ) भिडियो सेण्डर,

(ज) एमेच्योर रेडियो,

(झ) इन्मासार्ट लगायत सबै प्रकारका सेटेलाइट सञ्चार साधनहरू,

(३) कर्डलेस माइक्रोफोन,

(४) रेडियो कन्ट्रोल खेलौना तथा मोडेलहरू,

(५) रेडियो रिसिभर, टेलिभिजन रिसिभर, भिडियो मनिटर, र

(६) श्री ५ को सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी रेडियो यन्त्र भनी तोकिदिएको यन्त्रहरू ।"

३. मूल ऐनको दफा ५ मा संशोधनः मूल ऐनको दफा ५ को उपदफा (१) मा रहेका "तोकिए बमोजिमको शर्त राखी दरखास्तवालालाई" भन्ने शब्दहरू झिकिएका छन् ।

४. मूल ऐनको दफा ६ मा संशोधनः मूल ऐनको दफा ६ को,–

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः–

"(१) दफा (३) उल्लंघन गरी कसैले कुनै रेडियो यन्त्र राखेमा, बनाएमा वा प्रयोग गरेमा निजलाई श्री ५ को सरकार वा श्री ५ को



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८८

सरकारले तोकिदिएको अधिकारीले आठ सय रूपैयाँसम्म जरीवाना गर्न सक्नेछ र सोही कसूर फेरि फेरि पनि गरेमा पटकै पिच्छे निजलाई श्री ५ को सरकार वा श्री ५ को सरकारले तोकिदिएको अधिकारीले पहिलो पटक भएको जरीवानामा थप आठ सय रूपैयाँसम्म जरीवाना गर्न सक्नेछ ।"

(२) उपदफा (२) मा रहेको "श्री ५ को सरकारले" भन्ने शब्दहरू पछि "वा श्री ५ को सरकारले तोकिदिएको अधिकारीले" भन्ने शब्दहरू थपिएका छन् ।

(३) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः–

"(३) उपदफा (१) मा लेखिए देखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरू उल्लंघन गर्ने व्यक्तिलाई श्री ५ को सरकार वा श्री ५ को सरकारले तोकिदिएको अधिकारीले पटकै पिच्छे आठ सय रूपैयाँसम्म जरीवाना गर्न सक्नेछ ।"

५. मूल ऐनको दफा ९ मा संशोधनः मूल ऐनको दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छः–

"९. पुनरावेदनः दफा ६ बमोजिम श्री ५ को सरकार वा श्री ५ को सरकारले तोकिदिएको अधिकारीले गरेको निर्णय उपर कसैको चित्त नबुझेमा निजले सो निर्णय उपर अञ्चल अदालतमा पुनरावेदन गर्न सक्नेछ ।"

६. मूल ऐनको दफा १० मा संशोधनः मूल ऐनको दफा १० को,–

(१) उपदफा (२) को खण्ड (क) झिकिएको छ ।

(२) उपदफा (३) झिकिएको छ ।

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

लालमोहर सदर मितिः– २०४६।७।११।६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।